**हेटौंडा उपमहानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**हेटौंडा, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**हेटौंडा उपमहानगपालिकाको आ.व. २०८३/०८४ को लागि जडिबुटी, कवाडी र जीवजन्तु कर सम्बन्धि सूचना।**

**सूचना नं.: HSMC/Rajaswa/02/2083/84**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२५)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम यस उपमहानगरपालिकाले लिन उठाउन पाउने कवाडी व्यवसाय कर सङ्कलन गर्न आ.व. २०८३/०८४ को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्वःघोषणा पत्रको प्रतिलिपिहरु सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| सि.नं. | शीर्षक | एकाइ | कर दर | कैफियत |
|---|---|---|---|---|
| १ | खाली सिसी (बियर), बोतल | प्रति गोटा | रू ०.५ | |
| २ | खाली सीसी-मदिरा र अन्य ५०० एम एम भन्दा माथी | प्रति गोटा | रू ०.२५ | |
| ३ | खाली सीसी-मदिरा र अन्य ५०० एम एम भन्दा तल | प्रति गोटा | रू ०.१५ | |
| ४ | चुरा, फुटेको सिसा (सादा/रंगिन), काँचको धुलो र टुक्रा | प्रति के.जी. | रू ०.७५ | |
| ५ | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालन र जर्किन आदी) | प्रति के.जी. | रू ०.७५ | |
| ६ | धातुका टुक्राहरू र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरू (फलाम वा फलामजन्य पदार्थ, तामा, पित्तल, आल्मोनियम, स्टिल, सिल्भर, पुरानो ड्रम तथा मेसिनरी पार्टस् | प्रति के.जी. | रू १.५० | |
| ७ | पुरानो कागज (अखबार, न्यूज प्रिन्ट, कार्टुन समेत ) | प्रति के.जी. | रू ०.७५ | |
| ८ | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ्ग, प्वाँख, छाला, खुर** | | | |
| क | हाड, सिङ्ग र खुर | प्रति के.जी. | रू ४ | |
| ख | छाला ठुलो जनावर गाई, गोरू, भैसी लगायत | प्रति गोटा | रू ५० | |
| ग | छाला सानो जनावर खसी, बाख्रा, सुँगुर लगायत | प्रति गोटा | रू २५ | |
| ९ | **पुनः प्रसोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने** | | | |
| क | गार्मेन्ट कपडाको टुक्रा | प्रति के.जी. | रू २ | |
| ख | जलेको मोबिल, हाइड्रोलिक आयल | प्रति लिटर | रू २ | |
| ग | जुट र प्लाष्टिकको बोरा | प्रति के.जी. | रू १ | |
| घ | कार्पेटको टुक्रा | प्रति के.जी. | रू १ | |
| ङ | टायर ट्युव | प्रति के.जी. | रू १ | |
| च | थोत्रो टिन | प्रति के.जी. | रू १ | |
| छ | पुरानो ड्रम | प्रति के.जी. | रू ३ | |
| ज | जडिबुटी | प्रति के.जी. | रू ०.५० | |
| झ | बाँस | प्रति गोटा | रू १ | |
| ञ | पुरानो प्लाष्टिकको दाना | प्रति के.जी. | रु ०.५० | |
| ट | अन्य अखाद्य (पिना, ब्राण) | प्रति के.जी. | रु ०.५० | |

**शर्तहरु:**

१. बोलपत्र फारम पेश गर्ने फर्मले बोलपत्र दस्तुर बापतको रकम रु. ३,०००।०० यस उपमहानगरपालिकाको नेपाल बैंक लि. **हेटौडाको आन्तरिक राजश्व खाता नं. ०२५०३०००००१००१००००००१** राजश्व शिर्षक १४२२९ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२. ठेक्काको मान्य अवधि २०८३ साउन १ गते देखि २०८४ असार मसान्त सम्म कायम रहनेछ ।

३. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितिबाट मिति २०८३/०३/२३ गते सम्ममा **e-bidding** मार्फत मात्र खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु मिति २०८२/०३/२३ गते दिनको १२.०० बजे **e-bidding** मार्फत दर्ता गरिसक्नु पर्नेछ । दर्ता भई आएका बोलपत्रहरु सोही दिनको (मिति २०८३/०३/२३ गते) २.०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवोरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ । साथै ई-विडिङ्ग मार्फत बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताको हकमा ***www.bolpatra.gov.np/egp*** बाट पनि बोलपत्र पेश गर्न सकिनेछ ।

४. बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको मु.अ.क. समेतको अंकको ५% ले हुन आउने रकम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको नेपाल बैंक लि.सिटी अफिस हेटौंडाको धरौटी खाता ०२५०३००००००३०००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको विडबण्ड संलग्न गर्नु पर्नेछ । म्याद नाघी  वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

५. बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुन पर्नेछ ।

७. बोलपत्र स्वीकृती भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापत २५% ले हुने रकम मू.अ.कर सहितको रकम नेपाल बैंक हेटौंडा शाखाको ग १.१ ०२५०३०००००१००१००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । दोश्रो र तेश्रो किस्ता त्रैमासिक रुपमा चालु आ.ब.को असार मसान्त भित्र मू.अ.कर सहितको रकम दाखिला गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ र साथै सझौता अङ्कको ७५% ले हुने रकम र सोको मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस नगर कार्यपालिकाको कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ ।

८. बोलपत्रदाताले कबोल अंक रकम एकमुष्ठ नगद बुझाएमा कबोल अंकको १० % ले हुन आउने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ।

९. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट ***www.hetaudamun.gov.np*** बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालको सूचना पाटीमा समेत टांस गरिएकोछ ।

१०.ठेक्का सम्बन्धी प्रिविड मिटिंग मिति २०८३/०३/१२ गते दिउंसो २:०० बजे यसै कार्यालयमा हुनेछ ।

११.कुनै कारण जनाई वा नजनाई वोलपत्र  स्वीकृत अस्वीकृत गर्ने अधिकार हेटौडा उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१२.अदालतको फैसला वा नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बेगर यस सूचना बमोजिम भएको ठेक्का संझौतामा कुनै किसिमको मिन्हा वा छुट दिईने छैन ।

१३.ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ ।

१४.यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५.** अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ।

**हेटौंडा उपमहानगरपालिका**